



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ९ गते शुक्रबार ❑ 24 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## विधिको शासन कायम गर्न सरकारी वकिलको भूमिका महत्वपूर्ण छ : प्रम

**रासस**
**काठमाडौं, ८ पुस**

प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा विधिको शासन र फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन सरकारी वकिलको महत्वपूर्ण भूमिका भएको बताउनुभएको हो ।

महान्यायाधिवक्ता कार्यालयको ७१औँ स्थापना दिवसका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रमको उद्घाटन गर्दै उहाँले मुलुकमा विधिको शासन, मानवअधिकार, नागरिक अधिकार र कानूनको शासनका लागि सधै क्रियाशील हुन आग्रह गर्नुभयो ।

"विधिको शासन, मानवअधिकार संरक्षण गर्ने कार्य स्थापना कालदेखि नै यो संस्थाले गर्दै आएको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो, "फौजदारी कानून, नागरिक अधिकार र कानूनी शासनको कार्यान्वयनका लागि व्यवसायिकरुपमा यो संस्थाले काम गर्दै आएको छ ।"

प्रधानमन्त्री देउवाले आगामी दिनमा पनि संविधान र कानूनको क्षमताले भ्याएसम्म विशिष्टिकृत तरिकाले आफ्नो काम पूरा गर्ने विश्वाससमेत व्यक्त गर्नुभयो । महान्यायाधिवक्ता खम्मबहादुर खातीले न्यायालयको समस्याले जनताले न्याय पाउने अधिकारबाटै वञ्चित हुनुपर्ने अवस्था आएको र यस्तो समय लामो सयम रहन नहुने भएकोले प्रतिपक्षीसँग छलफल गरी संसदीय प्रक्रियाबाट भएपनि निकास दिन प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो। लोकतन्त्र, मानवअधिकार, स्वतन्त्र न्यायापालिकाको रक्षाका लागि सरकारी वकिलको क्षमता वृद्धिका साथै दरबन्दीसमेत थप्नुपर्ने जरुरी रहेको र त्यसका लागि सरकारले सहयोगसमेत गर्न उहाँको आग्रह थियो । नेपाल बार एसोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले न्यायालयको सुधार, भ्रष्टचार मुक्त न्यायपालिका निर्माणका आन्दोलनमा दुई महिनादेखि लागिरहेको र अव संसदीय प्रक्रियाबाट निकास दिनका लागि प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभयो । उहाँले स्वतन्त्र न्यायपालिकाको गरिमा बढाउनका लागि न्यायायको शिर उच्च हुनुपर्ने र त्यसका लागि सरकार र संसद गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । 'अभियोजनमा सुधार र व्यावसायिकता विकास' भन्ने मूल नाराका साथ मनाइएको स्थापना दिवसका अवसरमा प्रकाशन गरिएको 'स्थापना दिवस विशेषाङ्क'को प्रधानमन्त्री देउवाले विमोचन गर्नुभयो । यस वर्षको 'सर्वोत्कृष्ट वर्ष सरकारी वकिल-२०७८ पुरस्कार' महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मीले प्राप्त गर्नुभएको छ । उहाँलाई प्रधानमन्त्री देउवाले मेडल तथा सम्मानपत्रद्वारा सम्मान गर्नुभयो । साथै, सो अवसरमा देशभरका उत्कृष्ट १० सरकारी वकिल तथा कर्मचारीलाई सम्मान गरिएको थियो । महान्यायाधविक्ता कार्यालयको स्थापना २००८ साल पुस ८ गते भएको थियो । सोही दिनको सम्झनामा २०७३ सालदेखि तत्कालिन महान्यायाधिवक्ता रमणकुमार श्रेष्ठले स्थापना दिवस मनाउने सुरुआत गर्नुभएको थियो । हाल सरकारी वकिल करिब ५०० रहेका छन् । कार्यालय सहयोगी र अन्य गरी एक हजार ५०० जना रहेको महान्यायाधिवक्ता कार्यालयले जनाएको छ ।

## विकासको नेतृत्व माओवादीले गर्छः सभापति कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**



गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले विकासको नेतृत्व माओवादी केन्द्रले गर्ने बताउनु भएको छ ।

पोखरा १६ अर्मलाकोटमा आयोजित बृहत्त भेटघाट तथा छलफल कार्यक्रममा बोल्दै सभापति कोइरालाले उक्त कुरा बताउनु भएको हो । कोइरालाले अहिलेको राजनैतिक परिवर्तन माओवादीकै नेतत्वमा भएको र अव विकासको.परिवतन पनि माओवादीकै नेतृत्वमा मात्र सम्भव भएको दावी गर्नुभयो ।

प्रचण्ड पहिलोपटक प्रधानमन्त्री हुदा पहिलो भ्रमण चाइना गर्दै पोखरामा अन्तराष्ट्रिय विमानस्थलको लागि कुरा अगाडि बढाएको यस्तै मध्यपहाडी लोकमार्ग निर्माण अवधारण अगाडि सारेको नेपालमा पूर्व पश्चिम रेल मार्ग बन्नुपर्छ भनेर अवधारणा ल्याने पार्टीनै माओवादी भएको बताउनु भयो । कोइरालाले कास्कीकै अर्मलाको कुरा गर्दा पनि माओवादीका नेता देव गुरुङ मन्त्रीहुदा मोटरेवलपुल निर्माण गरेर तत्तकालिन अर्मला गाविस र पोखरालाई जोड्ने काम माओवादीले गरेको बताउनु भयो कोइरालाले अर्मलाकोटको पर्यटन प्रवर्द्धनको लागि प्रदेश सरकारले सहयोग गर्दे आएको र आगामिदिनमा पनि सक्दो सहयोग गर्ने बताउनु भयो ।

नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य तथा अखिल नेपाल खेलकुद महासंघ प्रदेश इन्जार्च जीवन खाती, नेकपा माओवादी केन्द्रका युवा नेता विपिन आचार्य ,अर्मला कोट घर भई हाल युकेमा कार्यरत पर्ता परियार ,नेकपा माओबादी १६ अध्यक्ष निर्मल आचार्य लगायतले अर्मलाकोटको विकासको लागि आआफ्ने ठाउँबाट सहयोग गर्ने बताउनु भएको थियो ।

अर्मलाकोट सामुदायिक होमस्टेका अध्यक्ष बविता गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन दीपक परियारले गर्नुभएको थियो। अध्यक्ष गुङ्रुङले अर्मलाकोटमा पिच मोटर बाटो र चुकडाँडा सम्म पदमार्ग आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा स्थानीयको उलेख्य सहभागिता रहेको थियोभने नौमती बाजा सहित कार्यक्रमका प्रमुख अतिथि कोइराला सहित अतिथिहरुलाई फुलमालाले भब्य स्वागत समेत गरेका थिए ।

## विश्वभर प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विश्वभर प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

तनहुँको दमौलीस्थित सत्यवती माध्यमिक विद्यालयको बिहीबार आयोजित ४६औँ वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले विश्वले चाहेको जनशक्ति उत्पादन गर्न आवश्यक रहेको बताउनुभयो ।

परम्परागत रुपमा चल्दै आएको शिक्षा र शिक्षण पद्धतिलाई परिमार्जन गर्दै जीवनोपयोगी शिक्षा प्रदान गर्न ढिला गर्न नहुने बताउँदै मुख्यमन्त्री पोखरेलले समय सुहाउँदो, युगले मागेको प्रविधिलाई आत्मसात गर्नुपर्ने उल्लेख गर्नुभयो । गण्डकी प्रदेश साक्षर घोषणा भइसकेको र त्यसकै जगमा टेकेर अब समृद्धिको बाटोमा अगाडि बढ्ने मुख्यमन्त्री पोखरेलको भनाइ थियो। "गण्डकी प्रदेशले शिक्षालाई प्राथमिकतामा राखेको छ, साक्षर प्रदेश घोषणा भइसकेको छ, त्यसकै जगमा टेकेर दक्ष जनशक्ति उत्पादनका लागि सबैको सामूहिक प्रयास आवश्यक छ", उहाँले भन्नुभयो। समुदायबाट सञ्चालित सत्यवतीले मुलुकको शिक्षा क्षेत्रको विकासमा अतुलनीय योगदान पुऱ्याएको उहाँले भन्नुभयो । गण्डकी प्रदेशका विना विभागीय मन्त्री डोबाटे विश्वकर्माले विज्ञान र प्रविधियुक्त शिक्षा दिई शैक्षिक गुणस्तरयता कायम गर्दै बालबालिकाको सर्वाङ्गीण विकासमा सत्यवतीले पुऱ्याएको योगदान उदाहरणीय रहेको बताउनुभयो । गण्डकी प्रदेशका नीति तथा योजना अयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले मुलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादनको थलो सत्यवती बनेको बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले शैक्षिक सुधारका लागि नगरपालिकाको सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा ऋषिङगाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ, निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल लगायतले समयसापेक्ष पठनपाठन कार्यलाई सत्यवतीले अङ्गिकार गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई सम्मान, विद्यार्थीलाई पुरस्कार वितरण गरिनुका साथै सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

प्राथमिक विद्यालयको रुपमा सुरु विद्यालयले शैक्षिक यात्राका क्रममा ४५ औं वसन्त पार गर्दा पूर्व प्राथमिकदेखि कक्षा १२ सम्म शिक्षा, व्यवस्थापन, विज्ञान तथा प्राविधिक शिक्षा सञ्चालन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष करुण काफ्लेले जानकारी दिनुभयो । विद्यालयले हालसम्म दक्ष जनशक्तिको रुपमा डाक्टर, इन्जिनियर, व्यवस्थापक, शिक्षकका साथै अन्य क्षेत्रमा समेत जनशक्ति उत्पादन गरेको सो अवसरमा जानकारी दिइयो ।

## कांग्रेसका सबै पदको मतगणना सम्पन्न

**रासस**
**काठमाडौं, ८ पुस**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत सबै पदको मतगणना सम्पन्न भएको छ । पार्टीको १४औँ महाधिवेशनअन्तर्गत मङ्सिर २७ गते भएको मतदानको आज सबै पदको मतगणना सम्पन्न भएको हो ।

कांग्रेस निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले सबै पदको मतगणना सम्पन्न भएकाले आजै रातिसम्म सबै पदको नतिजा सार्वजनिक गर्ने तयारी भएको राससलाई जानकारी दिनुभयो । कांग्रेसले यसअघि पदाधिकारी, खुला केन्द्रीय सदस्य, खुला महिला केन्द्रीय सदस्य, प्रदेश पुरुष तथा महिला केन्द्रीय सदस्य, दलित महिला तथा पुरुष केन्द्रीय सदस्य, मुस्लिम, थारु, मधेसीलगायत क्लस्टरअनुसारको मतगणना सम्पन्न गरिसकेको छ । बाँकी रहेका आदिवासी जनजाति केन्द्रीय सदस्य, खस आर्य केन्द्रीय सदस्य महिला तथा पुरुषको पनि गणना अन्तिम चरणमा पुगेकाले आजै सबै सूची सार्वजनिक गरिने संयोजक घिमिरेले जानकारी दिनुभयो । निर्वाचित उम्मेदवारलाई भोलि प्रमाणपत्र वितरण गर्ने कार्यक्रमसमेत निर्वाचन समितिले गरेको छ । कांग्रेसले १४औं महाधिवेशनमा १३४ कार्यसमितिका लागि निर्वाचनगरेकोथियो।निर्वाचनमा ४८७ उम्मेदवार चुनावी प्रतिस्पर्धामाहुनुहुन्थ्यो।कांग्रेसको १४औं महाधिवेशनबाट वर्तमान सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा दोस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित हुनुभएको थियो ।

## प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकीको छनौट शुरु


**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**



काठमाडौमा हुने प्रधानमन्त्री कपराष्ट्रियक्रिकेटप्रतियोगिताका लागि गण्डकी प्रदेशको छनौट खेल बिहीबारदेखि पोखरामा शुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा कास्कीले तनहुँमाथि ४ विकेटको जित निकालेको छ ।

खेलमा पहिला व्याटिङ गरेको तनहुँले निर्धारित ४० ओभर खेल्दै १ सय ८० रनको योगफल तयार पाऱ्यो । तनहुँको तर्फबाट अभिषेक बस्नेतले सर्वाधिक ७० रन बनाए । ७१ रनको सामना गरेका उनले ५ चौका र ४ छक्का प्रहार गरे । त्यस्तै दिनेश बुढामगरले ४३ रन जोडे । कास्कीको बलिङतर्फ अमृत गुरुङ्गले ३, कृष्ण पौडेलले २ तथा कप्तान विपिन खत्रीले १ विकेट लिए । जितका लागि १ सय ८१ रनको लक्ष्य पछ्याएको कास्कीले ३०.४ ओभरमा मात्रै ६ विकेट गुमाएर जित हाँसिल गऱ्यो । कास्कीको तर्फबाट म्यान अफ द म्याच अनिल गुरुङ्गले ७० तथा विद्यान श्रेष्ठले ६६ रन जोडे । ७० बलको सामना गरेका अनिलले आफ्नों पारीमा ८ चौका तथा २ छक्का प्रहार गरे भने विद्यानले १० चौका हानेका थिए । तनहुँका बलर चन्द्रकान्त पौडेलले ३, अभिषेक बस्नेतले २ तथा दिवस आचार्यले १ विकेट लिए ।

यसअघि गण्डकी खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङ्गले प्रतियोगिताको उद्घाटन गर्दै खेलाडीहरु निश्चित लक्ष्यका साथ खेल क्षेत्रमा लाग्नुपर्नेमा जोड दिए । खेलाडीहरुले पारिवारिक, आर्थिक समस्याका बावजुदपनि खेल क्षेत्रमा ठूलो योगदान दिएको भन्दै अव खेलकुद क्षेत्रलाई व्यवसायिक बनाउनुतर्फ राज्य लाग्नुपर्ने उनको भनाई थियो । त्यस्तै कार्यक्रमका अर्का विशेष अतिथि युवा यद्यमी मञ्च गण्डकीका अध्यक्ष सुनिलबहादुर भट्टराईले यसअघि पनि मञ्चले कास्की क्रिकेटसंग विभिन्न समयमा सहकार्य गर्दै आएको बताउँदै आगामी दिनहरुमा पनि सहकार्य गरिने बताए । कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले सञ्चालन गरेको कार्यक्रममा गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवेन्सन प्रजुले प्रतियोगिताको बारेमा अवगत गराएका थिए । प्रतियोगितामा कास्की, तनहुँ, स्याँग्जा र नवलपुर गरि ४ टिमको सहभागिता रहको छ ।

# एमालेनिकट मगर संघ नेपालको प्रदेश अधिवेशन पुस ९ र १० गते पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

नेकपा (एमाले)निकट मगर संघ नेपाल, गण्डकी प्रदेशको प्रथम प्रदेश अधिवेशन यही पुस ९ र १० गते पोखरामा हुने भएको छ। अधिवेशनको तयारी अन्तिम चरणमा पुगेको संघका गण्डकी प्रदेश संयोजक दिलबहादुर थापामगरले जानकारी दिनुभयो।

"सम्पूर्ण प्रगतिशील, देशभक्त र जनवादी मगरहरू एक हौं, न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न अघि बढौं" भन्ने मूल नाराका साथ हुने अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। अधिवेशनको उद्घाटन नेकपा (एमाले)का उपमहासचिव एवं गण्डकी प्रदेशका प्रथम मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले गर्ने कार्यक्रम रहेको संयोजक थापामगरले जानकारी दिनुभयो।

अ धि व े श न का अवसरमा नेकपा (एमाले)को १० औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारी एवं केन्द्रीय सदस्यलाई बधाई ज्ञापन एवं सम्मान समेत गर्ने कार्यक्रम रहेको सह-संयोजक तारामाया थापामगरले जानकारी दिनुभयो।सह-संयोजकथापामगरका अनुसार अधिवेशनलाई एमाले उपमहासचिव गुरुङसहित सचिव एवं गण्डकी प्रदेश इञ्चार्ज पद्मा अर्याल, स्थायी कमिटी सदस्य एवं संघीय मामिला तथा स्थानीय तह विभाग प्रमुख किरण गुरुङ, स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख खगराज अधिकारी, पोलिटब्यूरो सदस्य एवं आदिवासी जनजाति फाँट इञ्चार्ज गोकुल घर्तीमगर, पोलिटब्यूरो सदस्य एवं प्रदेश सह-इञ्चार्ज जगत विश्वकर्मा, पोलिटब्यूरो सदस्य लीलाबहादुर थापामगरलगायतका नेताहरूले सम्बोधन गर्नुहुनेछ।

अधिवेशनमा गण्डकी प्रदेशका ११ जिल्लाबाट करिब डेढ सय प्रतिनिधि सहभागी हुन जनाइएको छ। अधिवेशन सम्पन्न गर्न विभिन्न उपसमिति समेत गठन गरिएको छ। नेकपा (एमाले)ले पार्टी महाधिवेशन सम्पन्न भएपश्चात् आफ्ना विभिन्न जनसंगठनको अधिवेशन गर्न निर्देशन दिए अनुसार विभिन्न जनसंगठनहरूले धमाधम अधिवेशन गर्न थालेका छन्।


छाडा चौपायालाई नगरपालिकाद्वारा संरक्षण गर्दैः शुक्लागण्डकी नगरपालिका-९, घारीमा गौ संरक्षण क्षेत्रमा राखिएका चौपाया। सडकमा छोडिएका चौपायालाई नगरपालिकाले संरक्षण गरेको छ। तस्वीर : राधिका कँडेल/रासस

# सहकारीले बजार नियन्त्रण गर्न सक्नुपर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सहकारीले बजार नियन्त्रण गर्न सक्नुपर्ने बताउनु भएको छ।

पोखरा २३ स्थित औसेलुचौरमा रहेको पञ्चकोषी कृषि सहकारी संस्थाको विहिबार सम्पन्न भएको आठौं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले सहकारीले बजारलाई सन्तुलन कायम गर्दै नियन्त्रण गर्न सक्नुपर्ने बताउनु भएको हो। मन मिल्नेहरुको सहकार्य गर्ने उद्धेश्यले स्थापन भएका सहकारीहरुले जनताको आवश्यकता हुने बस्तु तथा सेवा उत्पादन गर्न सके बजारमा हुने मुल्यश्रृखलालाई सहकारीले नियन्त्रण गर्न सक्ने मन्त्री बरालको भनाई थियो। स्थानियको जागरण कृयाशिलताले आफु निकै प्रभावित भएको बताउदै मन्त्री बरालले स्थानियको आवश्यकताको आधारमा केही न केही सहयोग गर्ने वचन दिनु भएको छ। अझै पनि नेपालमा स्थापना भएका अधिकांश सहकारीले आफ्नो लक्ष्य र उद्धेश्य अनुरुप काम गर्न नसकेको समेत उहाँले दाबी गर्नु भयो। पन्चकोषी आमा समुहका सदस्य साधना चापागाईले सामुदायिक भवन आवश्यक भएको बताउनु भयो।

संस्थाका अध्यक्ष देवीरमण चापागाईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा झाँकी देउराली पूजा समितिका अध्यक्ष टेकनाथ पराजुली, पोखरा २३ का वडा सदस्य भरतराज भण्डारी, पूर्व गाविसका अध्यक्ष भेषराज पराजुली, माओबादी केन्द्र पोखरा २३ का वडा कमिटि अध्यक्ष घनश्याम पराजुली, भविश्य निर्माण सहकारीका व्यबस्थापक उपेन्द्रराज पराजुली, दलित प्रतिनिधि तारा बहादुर बि.क., संस्थाका लेखा समिति संयोजक बिष्णु प्रसाद बराल, संस्थाका सचिव मोतीलाल पराजुली लगायतले वोल्नु भएको थियो।

२०७० सालमा ५८ जना शेयर सदस्यबाट सुरु भएको उक्त सहकारीमा हाल ५९ जना महिला सहित १ सय ४७ जना शेयर सदस्य रहेका छन्। संस्थाको गत असार मसान्तरसम्म शेयर पूंजी १४ लाख ७० हजार रहेको छ। ६ लाख ५५ हजार १ सय ४५ रुपैया संस्थामा निक्षेप संकलन भएको छ भने संस्थाले २७ लाख ७४ हजार ऋण लगानी गरेको छ। संस्थाले गत बर्ष ३ लाख ८९ हजार रुपैया आम्दानी गर्न सफल भएको छ।

# एगा पोखराको स्वदेशी उत्पादनलाई ब्राण्डिङ गर्ने भावी योजना

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

इम्ब्रोइडरी एण्ड गार्मेण्ट एशोसियसन (एगा) पोखराको १८ औं साधारण सभा सम्पन्न भएको छ। पोखरा- २२ कालाबाङ घेरेडी होमस्टेमा सम्पन्न साधरणसभामा पर्यटकीय उत्पादनलाई जोड दिर्दै स्वदेशी उत्पादनलाई ब्राण्डिङ गर्ने भावी योजना प्रस्तुत गरेको छ।

कार्यक्रममा पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादुर भट्टराइले पोखराको पर्यटन विकास र प्रवर्द्धनमा एगाको उत्पादनले सकारात्मक भूमिका खेलेको बताउनुभयो। उहाँले आगामी दिनमा पोखरालाई देश विदेशमा चिनाउने उत्पादनमा पनि जोड दिन आग्रह गर्नुभयो। स्वदेशी तथा विदेशी पाहुनाको रोजाइको शहर पोखरा भएपनि पाहुनाले पोखराको चिनो को रुपमा लाने स्थानीय उत्पादन अझै हुन नसकेको जनाउँदै पर्यटक लक्षित उत्पादनमा जोड दिनुपर्ने आवश्यता औल्याउनुभयो। कोरोनाको कठिन अवस्था पार गरेका पर्यटन व्यवसायीले व्यवसायिक गति लिन अझै पनि समय लाग्ने भएकाले सरकारले पर्यटनमैत्री व्यवसायिक नीति मार्फत व्यवसायीलाई पलायन हुन जोगाउनु पर्ने बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका वरिष्ठ अधिकृत नविन पोखरेलले सुन्दर शहरको चिनारी बोकेको पोखराले आफ्नै उत्पादनलाई ब्राण्डिङ गरेर अन्तराष्टिय जगतमा चिनाउनु पर्ने आवश्यता औल्याउनुभयो। उहाँले पर्यटन लक्षित रचनात्मक कार्यक्रमका लागि नेपाल पर्यटन बोर्ड सहकार्य गर्न तयार रहेको जनाउँदै पर्यटनमा समय अनुसार सृजनशिलतामा जोड दिन सुझाव दिनुभयो। पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले पर्यटन क्षेत्रको विकासमा सामुहिक धारणा र सोचको आवश्यतामा जरुरी रहेको बताउनुभयो। संस्थाका अध्यक्ष विश्वराज पोखरेलले एगा सम्बद्ध व्यवसायीहरुले आन्तरिक तथा बाह्रय पर्यटकलाई नेपाली मौलिकता बोकेका उत्पादन सोभनियरका रुपमा प्रस्तुत गर्दै आएको जनाउँदै आगामी दिनमा पोखराको चिनारीको रुपमा उत्पादनलाई जोड दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा पोखरा पर्यटन परिषदका निर्वतमान अध्यक्ष चिरञ्जिवि पोखरेल, संस्थाका उपाध्यक्ष एवम कार्यक्रम संयोजक गोर्कण लम्साल लगायतले पर्यटनको विकास र एगाको संस्थागत उद्देश्यको बारेमा प्रकाश पार्नुभएको थियो। संस्थाका सचिव गिता ढकालले सचिव प्रतिवेदन पेश गर्दै भावि कार्यक्रमहरुको बारेमा जानकारी गराउनु भएको थियो।

# 'कवि घर'मा लोक, संस्कृति र लोकजीवन बहस

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

नेपाली साहित्य र संस्कृतिका धरोहर जनकविकेशरी धर्मराज थापाको 'कविघर'मा लोकसंस्कृति र लोक जीवन विषयक विचार गोष्ठी हुने भएको छ।

नेपाल प्रज्ञा-प्रतिष्ठान र जनकविकेशरी धर्मराज-सावित्री थापा प्रतिष्ठानको आयोजनामा यही पुस ९ र १० गते पोखरा महानगरपालिका-१६ बाटुलेचौर स्थित थापाको घरमा गण्डकी प्रदेशको लोक, संस्कृति र जीवनका बारेमा विभिन्न स्रष्टाबीच विचार गोष्ठी गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष एवं जनकविका ज्येष्ठ सुपुत्र मदनराज थापाले जानकारी दिनुभयो। लोक गीत, भजन, सङ्गीत र साहित्यिक वातावरणबीच लोक, संस्कृति र साहित्यका विविध विषयमा कार्यक्रम गर्न लागिएको उहाँले बताउनुभयो।

नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा जगमान गुरुङ कार्यक्रमको प्रमुख वक्ता रहनुहुनेछ। उहाँले अहिलेको समाजमा संस्कृतिका माध्यमबाट समाजमा के कस्तो रुपान्तरण गर्न सकिन्छ भनेर विचार राख्नुहुनेछ। प्रा डा गुरुङले कुलमण्डन शाहदेखि, पोखरा, लामाचौर, बाटुलेचौर तथा गण्डकी प्रदेशको इतिहास खोतल्नु हुनेछ। प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती, प्राज्ञ डा देवी नेपाल, वरिष्ठ गायिका ज्ञानु राणाको सो कार्यक्रममा सहभागिता रहने प्रतिष्ठानका अध्यक्ष थापाले जानकारी दिनुभयो। पुस ९ गते साँझ स्रष्टाले कविता, गजल, हाइकु र मुक्तक वाचन गर्नेछन्।

पुस १० गते गन्धर्वको माङ्गलिक धुनबाट सुरु हुने कार्यक्रममा गण्डकी प्रदेशका स्रष्टा, संस्कृतिकर्मी तथा साहित्यकार गरी झण्डै २०० जना सहभागी हुने थापाले बताउनुभयो। उहाँले भन्नुभयो, "लोक, संस्कृतिमा ह्रास हुँदै गएको छ। संस्कृतिका माध्यमबाट समाज रुपान्तरणमा योगदान गर्ने उद्देश्यले कार्यक्रम गर्न लागेका हौं।"

साहित्यकार जगन्नाथ रेग्मीले साहित्यको तीर्थस्थलका रुपमा रहेको कविघरमा अन्तर्क्रिया र इतिहास खोतल्ने प्रयास गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "धर्मराज थापाले लोक साहित्य र सांस्कृतिक सहिष्णुताका पक्षमा गरेको काम देशव्यापीरुपमा लैजानु आवश्यक छ, गण्डकी प्रदेशको लोकसंस्कृतिका विविध पक्षका बारेमा समेत बहस हुनेछ।"

जनकविकेशरी थापाले 'हरियो डाँडामाथि हलो जोत्ने साथी, हह माले हह', 'आज मादल बजेको किन, गाउँबेंसी दुनियाँ ब्युँझाउन', 'धुरुधुरु नरोउ आमा, तिम्रो आँसु पुछेरै छाडौँला', 'घर सम्झि रोएको होला डाँडा काटी गएको नेपाली,', 'हाम्रो तेञ्जिङ शेर्पाले, चढ्यो हिमाल चुचुरो' लगायतका थुप्रै गाउँबेंसीका धुन र भाकालाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउनुभएको थियो। उहाँको २०७१ असोज १८ गते निधन भएको थियो।

नेपाली लोक सङ्गीत तथा साहित्यमा निरन्तर क्रियाशील रहेबापत २०१३ सालमा तत्कालिन राजा महेन्द्र शाहले थापालाई जनकविकेशरीको उपाधि दिनुभएको थियो।

# सप्तरंग साँझ तयारी पूरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

देशका सातवटै प्रदेशमा आयोजना हुने गरी देश दौडाहा निस्केको 'टिभिएस रेडर सप्तरंग-३' को तयारी पूरा भएको छ। शुक्रबार साँझ पोखराको अमरसिंह मैदानमा हुने कार्यक्रममा आधा दर्जनभन्दा बढी ख्यातिप्राप्त कलाकारले प्रस्तुति दिनेछन्।

नेपाल समुदाय प्रहरी साझेदारी कार्यक्रमसँगको सहकार्यमा भइरहेको उक्त कार्यक्रमको तयारी पूरा भइसकेको आयोजक ग्रिष्मा ब्रोडकास्टिङले जनाएको छ। मंसिर २४ गतेदेखि देशका सातैवटा प्रदेशमा गर्ने गरी सुरु गरिएको यस कार्यक्रमको अन्त्य पोखरामा प्रस्तुति दिएसँगै सकिने ग्रिष्मा ब्रोडकास्टिङ प्रमुख गृहेन्द्र घिमिरेले जानकारी दिए। सप्तरंगमा अभिनेता राजेश हमाल, गायक रामकृष्ण ढकाल, रामकृष्ण ढकाल, प्रमोद खरेल, बद्री पंगेनी, मिलन नेवार, अनिल सिंह, अस्मिता अधिकारी, सन्दीप क्षेत्रीको प्रस्तुति रहनेछ। मंसिर २४ देखि देश दौडाहामा निस्केको सप्तरंग टोली विभिन्न प्रदेशमा प्रस्तुति सकेसँगै पोखरा आउन लागेको हो। पोखराको प्रस्तुतिसँगै तेस्रो संस्करणको समापन गरिने आयोजकले जनाएको छ। कार्यक्रमको स्थानीय आयोजक पोखराकै बार्दली मिडिया छ। कार्यक्रमको प्रवर्द्धकमा गण्डकी प्रदेश, पोखरा महानगरपालिका, गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा टुरिजम बोर्ड रहेको बार्दली मिडियाका मन क्षेत्रीले जानकारी दिएका छन्। 'कार्यक्रम निशुल्क भएकाले गीति मनोरञ्जन लिन पैसा तिर्नुपर्दैन,' उनले भने। त्यस्तै, सहयोगी संस्थामा बेकन एजुकेसन, भिबोन फर्निचर, मेडिप्लस अस्पताल, पोखरा बस व्यवसायी प्रालि, पृथ्वी बस व्यवसायी प्रालि, कफी घर, कस्मिक कम्प्युटर, परिचय एडभर्टाइजिङ, एसके साउन्ड, होटल तुलिप पोखरा इन, डुंगा रेस्टरेन्ट र नर्थ बिच रेस्टुरेन्ट छन्।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्रीलगायत विभिन्न मन्त्रालय मन्त्री, पोखरा महानगर कार्यवाहक उपप्रमुख, प्रदेश प्रहरी प्रमुख लगायतको सहभागिता रहने स्थानीय आयोजक बार्दली मिडियाका क्षेत्रीले जानकारी दिएका छन्।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरूः**

**बाथ रोगः** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

**प्यारालाइसिसः** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्नेः** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सर्म्पकः**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिनेः** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिनेः** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ।
–चाणक्य

## सम्पादकीय

# पुनः निर्माणमा सफलता

भूकम्पले भत्काएका भौतिक संरचनाको पुनर्निर्माणको काम गर्न गठन भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आफ्नो ६ वर्षे कार्यकाल पूरा गरी बिदा भएको छ। प्राधिकरणले आफ्नो दायित्व र जिम्मेवारी राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, शहरी विकास मन्त्रालय लगायतलाई हस्तान्तरण गरेको छ। २०७२ साल पुस १० गते स्थापना भएर ५ वर्षे कार्यकालको जिम्मा पाएको प्राधिकरणले कोरोना संक्रमण लगायतका कारण थप एक वर्ष समय थप पाएको थियो। अस्थिर राजनीतिका कारण ६ वर्षको अवधिमा ५ पटक प्राधिकरणको नेतृत्वमा हेरफेर गरिएको थियो।

प्राधिकरणले निर्माणाधीन धरहरा,सिंहदरबार,शान्तिबाटिका,रणोद्वीप दरबारका बाँकी रहेका काम पूरा गर्न शहरी विकास मन्त्रालय अन्र्तगत रहेको भवन विभागलाई जिम्मेवारी दिइएको छ। यस्तै प्राधिकरणका अन्य बाँकी कामहरुको जिम्मेवारी राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई दिइएको छ। भूकम्पबाट झन्डै ८ लाख हाराहारी घर पूर्ण तथा आंशिक रुपमा क्षति भएको थियो। प्राधिकरणले ८ लाख २९ हजार ६ सय ६७ परिवारसँग अनुदान सम्झौता गरेको थियो। सो मध्ये ८ लाख २८ हजार ७ सय ६३ परिवारले अनुदान सम्झौता गरेका थिए।

दोस्रो किस्ता लिने लाभग्राही ७ लाख ५० हजार ४ सय ५९ जना थिए। यस्तै ७ लाख ३ हजार ३ सय ७ लाभग्राहीले तेस्रो किस्ता लिएका थिए। निजी आवास पुनर्निर्माण तर्फ प्राधिकरणको आंकडा अनुसार तेश्रो किस्ता रकम वितरणका आधारमा ७ लाख ३ हजार ३ सय ७ घर पुनर्निर्माण सम्पन्न भएका छन्। विद्यालय भवन तर्फ ७ हजार ५ सय ५३ विद्यालय पुनर्निर्माण गर्ने लक्ष्य राखिएकामा ६ हजार ६ सय ४७ विद्यालय पुनर्निर्माण सम्पन्न भएको छ भने ९ सय ३६ विद्यालय भवन पुनर्निर्माण जारी रहेको छ।

यस्तै स्वास्थ्य संस्थाका भवन तर्फ ११ सय ९७ रहेकोमा ७ सय ५१ भवन पुनर्निर्माण सम्पन्न भएको छ भने ३ सय ५४ भवन पुनर्निर्माणको क्रममा रहेको छ। साँस्कृतिक सम्पदा तर्फ ९ सय २० पुनर्निर्माण लक्ष्य रहेकोमा ६ सय ६ पुनर्निर्माण सम्पन्न भएको छ भने १ सय ३२ सम्पदा पुनर्निर्माण जारी रहेको छ। सरकारी भवनतर्फ ४ सय १५ भवन पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा ३ सय ८८ कार्यालयको पुनर्निर्माण सम्पन्न भएको छ भने २० भवनको पुनर्निर्माण जारी रहेको छ।

सुरक्षा निकायका भवनतर्फ २ सय १६ भवन पुनर्निर्माण गर्ने लक्ष्य लिइएकोमा सम्पूर्ण भवनको निर्माणको काम सम्पन्न भएको छ। यस्तै ४ हजार ७ सय २० परिवार जोखिमयुक्त बस्तीमा रहेको मध्ये ३ हजार ४ सय ६२ परिवारलाई सुरक्षित ठाउँमा सारिएको छ। ६ सय २९ परिवारले सुरक्षित बस्तीका लागि सरकारी जग्गा पाएका छन् भने ६ सय २९ परिवारले आफ्नो ढंगबाट जग्गा व्यवस्थापन गरेका छन्। १२ हजार ७ सय ५७ भूकम्प प्रभावित भूमिहीन लाभग्राही मध्ये ११ हजार ५ सय ८० परिवारले साविककै स्थानमा घर बनाउन अनुमति पाए भने १ हजार १ सय ७७ परिवारलाई जग्गा खरिद अनुदान उपलब्ध गराउने निर्णय भएको र सो मध्ये ७ सय ५७ परिवारलाई जग्गा खरिदका लागि अनुदान दिइएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले आफ्नो कार्यकालमा करिब १ लाख जनालाई निर्माणकर्मी तालिम दिएको र करिब ६ हजार इञ्जिनियर परिचालन गरेको थियो। राजनीतिक अस्थिर बनेको बेला प्राधिकरणले गरेको काम सफल भएको छास्थानीय तह र राजनीतिक दल तथा गैरसरकारी संस्थाको सहयोगले काम गरेको छाविदेशी राष्ट्र तथा दातृ निकायको सहयोगले गर्दा काम सकेर सरकारी निकायलाई हस्तान्तरण गर्नु प्राधिकरण नेतृत्वको सफलता हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मन चञ्चल |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मनकामना केबलकार नियमित सञ्चालन

रासस
काठमाडौं, ८ पुस

नेपालकै पहिलो केबलकार मनकामना केबलकार नियमित सञ्चालनमा आएको छ। स्तरोन्नतिका क्रममा गियर बक्स र टावर मर्मतसम्भार गर्नुपर्ने भएकाले आइतबारदेखि चार दिनका लागि केबलकार सेवा बन्द गरिएको थियो।

मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक उज्ज्वल शेरचनका अनुसार केबलकारको सेवा यही पुस ४ देखि ७ गतेसम्मका लागि बन्द गरी मर्मतसम्भार गरिएको हो। मर्मतसम्भार सकिएपछि बिहीबारदेखि केबलकार सेवा पुनः नियमित सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। केबलकार स्तरोन्नतिको चरणमा रहेको छ। कम्पनीले केबलकारमा प्रयोग हुँदै आएको एनालग कनेक्ट प्रणालीलाई डिजिटल प्रणालीमा स्तरोन्नति गर्न लागेको हो। चालु आर्थिक वर्षबाटै केबलकारलाई नयाँ प्रविधिमा लैजाने योजना रहेको कम्पनीले जनाएको छ।

# व्यासका २८२ योजना सम्पन्न

रासस
तनहुँ, ८ पुस

व्यास नगरपालिका कार्यालयले २८२ योजना सम्पन्न भएको जनाएको छ। नगरपालिकास्तरीय र वडास्तरीय कूल ९८६ योजनामध्ये उक्त योजनाको निर्माण कार्य सम्पन्न भएको हो। तीन सय ८४ सम्झौता भई निर्माण प्रक्रियामा रहेको र ३२० सम्झौता हुन बाँकी रहेको नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो। शिक्षा तथा सामाजिक विकास शाखाको सिफारिसबमोजिम सङ्घीय बजेटअन्तर्गत रु छ लाख ५० हजारका दरले चार विद्यालयलाई ई-लाईब्रेरी, तीन विद्यालयलाई आइसीटी स्थापना, ती विद्यालयका लागि साइन्स ल्याबका लागि बजेट निकासा गर्ने भएको छ। पाँच विद्यालयका लागि रु ५० हजारका दरले विद्यालय सामग्री (किट्स) वितरण गर्ने गरी छनोट गरिएको उहाँले बताउनुभयो।

नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको बैठकले नगरपालिकाको ३६औँ नगरसभा आगामी माघ २१ गते गर्ने निर्णय गरेको छ।

नगरपालिकाबाट शहीद दिवस र नारी दिवसका दिन हुने खुल्ला अल्ट्रा म्याराथन र महिला हाफ म्याराथनको व्यवस्थापन गर्न नगर खेलकुद समिति र माविस्तरीय मेयर, उपमेयर कप फुटबल प्रतियोगिता र राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरेको नगरपालिकाले जनाएको छ।

# चितवनमा अर्ना बचाउनै मुस्किल

रासस
चितवन, ८ पुस

वंश विस्तार गर्ने उद्देश्यले यहाँ ल्याइएका अर्ना बचाउन मुस्किल भएको छ। विसं २०७३ का माघमा कोशीटप्पु वन्यजन्तु आरक्ष र सदर चिडियाखाना काठमाडौँबाट चितवन राष्ट्रिय निकुञ्जमा अर्ना ल्याइएको थियो।

चितवन राष्ट्रिय निकुञ्जको पुरानो पदमपुर क्षेत्रमा ३० हेक्टर जमिनमा दुई खुल्ला खोर बनाएर अर्ना राखिएको छ। निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार यसवर्ष साउनयता १० अर्ना मरेका छन्। तत्कालीन समयमा कोशीटप्पुबाट १२ र चियाखानाबाट तीन अर्ना ल्याइएको थियो। तीमध्ये ६ अर्ना बाढी र बाघका कारण मरेका थिए। विसं २०७४ का बाढीमा पाँच अर्ना मरेको थियो, भने एउटा बाघले खाएको थियो। त्यसयता चार पाडापाडी जन्मिएका थिए। उहाँका अनुसार यसवर्ष ६ भाले र ४ पोथी मरेका हुन्। खोरमा तीन वटा पोथी मात्र बाँकी छन्। विसं २०७५ को साउन ३१ गते पहिलो बच्चा जन्मिएको थियो। समूह बनाएर सत्रुसँग लड्नसक्ने भएपछि खुल्ला ठाउँमा छोड्ने उद्देश्यका साथ अर्ना ल्याइएका हुन। प्रमुख संरक्षण अधिकृत आचार्यले ५०सम्म अर्ना हुनसकेमा उनीहरुले खुल्लाठाउँमा सत्रुसँग लडेर जोगिन सक्छन्। निकुञ्जमा रहेको सङ्ख्या कम हुँदा छोड्नसक्ने अवस्था नरहेका कारण समस्या भएको हो। उहाँको भनाइमा कोशीमा बगेको पानी खाएका अर्ना यहाँ खोरभित्रको तलाउ र घाँसे मैदानमा लामो समय बस्न कठिन भएको देखिन्छ। उहाँले भन्नुभयो,“उपयुक्त बासस्थान र खानाकै कारण समस्या भए जस्तो देखिन्छ।” ठूलो सङ्ख्या भएर छिटो छोड्न सकेमा सफलता मिल्ने उहाँको अनुमान रहेको छ। सन् १९६१ ताका यहाँ अर्ना रहेको बताइन्छ। त्यसयताको लामो समयमा वातावरणीय प्रभाव परिवर्तन भएका कारण पनि अर्ना टिक्न कठिन भएको हुनसक्ने बताइन्छ। निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा विजयकुमार श्रेष्ठ पछिल्लो पटक मरेको अर्नामा निमोनिया देखिएको बताउनुहुन्छ। बासस्थान रहेको क्षेत्रमा बाढीका कारण प्रभाव परेको र बिरामी परेर अर्ना मरेको उहाँको भनाइ छ।

मरेका अर्नाको एकीन कारण पहिचानका लागि नमूना राखिएको छ। पूर्ण परीक्षणपछि थप कारण पत्ता लाग्ने निकुञ्जले जनाएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेल यसैवर्ष अर्ना स्थानान्तरण गर्ने विषयमा प्रस्तावको तयारी गरेको बताउनुहुन्छ। उहाँको भनाइमा पाँच महिना मात्र राखेर बथान वनाएर छोड्न मिल्ने गरी अर्ना ल्याउनुपर्दछ। त्यसरी ल्याइएका अर्नालाई रेखदेखका लागि थप जनशक्ति परिचालन गरी पोसिलो खानाको व्यवस्था गरिने कँडेलले बताउनुभयो। उहाँले भन्नुभयो, “छिट्टै अर्ना स्थानान्तरण गरेर वर्षात्सम्ममा खुल्ला ठाउँमा छाड्नसक्ने गरी कामका लागि प्रस्ताव गर्दैछौं।” छोटो समय विशेष निगरानीमा राखेमा उपयुक्त हुने उहाँको भनाइ छ।

एक ठाउँमा मात्र अर्ना भएकाले रोगव्याधि र समस्या देखिएमा मासिन सक्ने भएकाले अन्यत्र स्थानान्तरण गर्नुपर्ने विभागको योजना रहेको छ। कंडेलले वथान वनाएर छोड्दा उनीहरुले चाहेको जस्तो बासस्थान पाउने भएकाले यसबाट बंश विस्तार गर्न सहज हुने जानकारी दिनुभयो। तत्कालीन समयमा २५ वटा अर्ना ल्याउने भनिए पनि कम सङ्ख्या ल्याएकै कारण समस्या भएको हो। अब ल्याउदा दुई/तीनवटा भाले ल्याउने र अन्य पोथी ल्याउने विभागको तयारी रहेको छ। अर्ना तीन/चार वर्षको उमेरपछि प्रजननयोग्य हुने गर्दछ। अर्ना स्वच्छ पानी, दलदल र घाँसे मैदानमा रमाउने गर्दछ। अर्ना भैंसी प्रजातीको हुने हुनाले सोही अनुसारको ब्याउने चक्र हुनेगर्दछ।

# रघुगङ्गामा खायन आलु उत्पादन कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ८ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिकाका पाँच वटा वडामा खायन आलु उत्पादन कार्यक्रम सुरु गरिएको छ।

सङ्घीय सरकारको शःसर्त अनुदानको बजेटबाट खायन आलु उत्पादन कार्यक्रम सञ्चालन गर्न कृषक समूह छनोट भएका हुन्। छनोट भएका पाँच वटा कृषक समूहसँग सम्झौता र अभिमुखीकरण गरिएको गाउँपालिकाको कृषि शाखाका प्राविधिक मनोज सुवेदीले जानकारी दिनुभयो।

“स्थानीय बीउ प्रयोग गरेर खेती बिस्तार र उपभोगका लागि बिक्री वितरण गर्ने चक्र चलाउने खायन आलु उत्पादन कार्यक्रमको उद्देश्य हो”, उहाँले भन्नुभयो, “स्थानीय जातको आलुको संरक्षण, खेती बिस्तार र आयआर्जन वृद्धिमा सहयोग पुर्‍याउने लक्ष्य राखिएको छ।”

वडा नं १ बेगखोलाको बादुक, वडा नं २ को बरखर्क, वडा नं ५ को डारेखर्क, वडा नं ६ को प्रगति र वडा नं ८ को श्रीकृष्ण कृषक समूह कार्यक्रमका लागि छनोट भएका छन्। छुटेकालाई गुनासोका लागि सूचना जारी गरे पनि आवेदन परेको थिएनन्। एउटा समूहमार्फत कम्तीमा २०० रोपनी जमिनमा आलुखेती गरेको हुनुपर्ने मापदण्ड छ।

छ वटा समूहमा १०३ जना कृषक आबद्ध भएका छन्। कार्यक्रमका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ३० लाख विनियोजन गरेको छ। कृषकको ५० प्रतिशत रु ५० हजार बराबरको लागत साझेदारी व्यहोर्नुपर्ने कार्यविधि छ। कार्यक्रममार्फत कृषकलाई आलुको बीउ, मलखाद, आलु रोप्ने उपकरण, विषादी खरिदका लागि अनुदान उपलब्ध गराउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो। यसैगरी व्यवस्थित र आधुनिक प्रविधिबाट आलुखेती गर्ने प्राविधिक ज्ञान, सीप हस्तान्तरण गर्न तालिम सञ्चालन गरिने भएको छ। गाउँपालिकाको केन्द्र मौवाफाँटमा बुधबार भएको अभिमुखीकरणमा प्रमुख प्रशासकीय अधिकृत सुवेदी, कृषि अधिकृत सविना शर्मा र प्राविधिक सुवेदीले सहजीकरण गर्नुभएको थियो।

रघुगङ्गामा खुमल सेतो, खुमल रातो, जनकदेव र स्थानीय जातको आलुखेती हुने गरेको छ। सडक यातायातको सुविधा बिस्तार भएसँगै कृषक व्यावसायिक आलुखेतीतर्फ आकर्षित भएका छन्। हिमाली भूगोलको चिसो हावापानीमा उत्पादन भएको आलु स्वादीलो र गुणस्तरीय भएकाले बजारमा माग बढेको छ। यातायात सुविधा भएपछि कृषकले बजार र उचित मूल्य पाउन थालेका छन्।

# चार हजारको मतदाता नामावली दर्ता

पोखरापत्र संवाददाता
दमौली, ८ पुस

तनहुँ जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गरेको मतदाता नामावली सङ्कलन अभियानमा स्थानीय तहबाट चार हजार मतदाताको नामावली सङ्कलन गरिएको छ।

पहिलो चरणमा जिल्लाका पाँच स्थानीय तहमा सञ्चालित अभियानमा तीन हजार ९१४ जनाको फोटोसहितको नामावली सङ्कलन गरिएको हो। भिमाद नगरपालिकाबाट एक हजार १७, घिरिङ गाउँपालिकाबाट ७२९, म्याग्दे गाउँपालिकाबाट ५३५, बन्दिपुर गाउँपालिकाबाट ९२५ र देवघाट गाउँपालिकाबाट ७०८ जनाको नामावली सङ्कलन भएको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो। गत मङ्सिर १७ गतेदेखि २६ गतेसम्म पहिलो चरणमा पाँच स्थानीय तहमा अभियान सञ्चालन गरिएको थियो। यही अवधिमा प्रशासन कार्यालयबाट ३६३ र निर्वाचन कार्यालयबाट १३८ जनाको नामावली सङ्कलन भएको थियो। जिल्ला बाहिरका ३१ जनाले पनि निर्वाचन कार्यालयबाट नामावली दर्ता गराएको उहाँले बताउनुभयो। यसबीचमा चार हजार ४४६ जनाको विवरण सङ्कलन भएको छ। “दर्ता भएका विवरण रुजु गर्ने काम भइरहेको छ, नाम दोहोरिएको भए हट्छ,” उहाँले भन्नुभयो,“परिचयपत्र हराएकाले पनि पुनःनाम दर्ता गराएको हुनसक्छ।” दोस्रो चरणमा मङ्सिर २९ गतेदेखि पुस ९ गतेसम्म शुक्लागण्डकी नगरपालिका,ऋषिङगाउँपालिका, आँबुखैरेनी गाउँपालिका र भानु नगरपालिकामा मतदाता नामावली सङ्कलन भइरहेको छ। जिल्ला निर्वाचन कार्यालय र प्रशासन कार्यालयबाट मात्रै मतदाता नामावली सङ्कलन हुँदै आएकामा सर्वसाधारणको सहजताका लागि स्थानीय तहबाटै सङ्कलन अभियान सुरु गरिएको हो। मतदाता नामावली सङ्कलनका लागि नौ दर्तास्थल व्यवस्थापक, पाँच दर्ता कर्मचारी, नौ सहायक दर्ता कर्मचारी र नौ दर्तास्थल सहायक गरी ३२ कर्मचारी परिचालन गरिएको छ। सङ्कलन गरिएको विवरण पुस १० गतेदेखि २६ गतेसम्म रुजु गरी २९ गतेसम्म निर्वाचन आयोगमा पठाइनेछ। स्थानीय तह निर्वाचन २०७४ मा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेकामा प्रतिनिधि/प्रदेशसभा निर्वाचनमा दुई लाख ११ हजार ४४६ मतदाता पुगेका थिए। विसं २०७७ चैतसम्म १८ वर्ष पुगेका मतदाता दुई लाख २७ हजार ४६ पुगेको कार्यालयले जनाएको छ।

चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म दुई हजार ८१७ मतदाता थपिएका छन्।

# लमजुङमा सात हजारले बनाए राष्ट्रिय परिचयपत्र

पोखरापत्र संवाददाता
लमजुङ, ८ पुस

जिल्लामा सात हजार ७५६ जनाले राष्ट्रिय परिचयपत्र बनाएका छन्। जिल्ला प्रशासन कार्यालयबाट २०७७ साउन ३१ गतेदेखि सुरु भएको परिचयपत्र बनाउन थालिएको हो।

जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जगदीश मिश्रका अनुसार पुरुष चार हजार ३८८ तथा महिला तीन हजार ३३८ ले राष्ट्रिय परिचयपत्र बनाएका हुन्। चालू आर्थिक वर्ष २०७८/७९ को साउनदेखि हालसम्म दुई हजार ३७६ जनाले राष्ट्रिय परिचयपत्र बनाएका छन्। यीमध्ये ९८७ महिला र एक हजार ३८९ पुरुष छन्। त्यस्तै, गत आवमा पाँच हजार ३८० जनाले राष्ट्रिय परिचयपत्र बनाएका थिए। यीमध्ये महिला दुई हजार ३८१ र पुरुष दुई हजार ९९९ रहेको मिश्रले बताउनुभयो। चार/चार महिनामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने भनिए पनि हालसम्म सबै नागरिकले परिचयपत्र प्राप्त गर्न सकेका छैनन्।

गण्डकी प्रदेशसभा सदस्य मायानाथ अधिकारीले परिचयपत्र बनाउँदै जिल्लामा अभियानको सुरुआत गर्नुभएको थियो। परिचयपत्रमा व्यक्तिगत र जैविक (बायोमेट्रिक) गरी दुई विवरण ‘इन्ट्री’ गरिनेछ। सोह्र वर्ष उमेर पुगेका सबै नेपालीले राष्ट्रिय परिचयपत्र बनाउन पाउने छन्।


**पोखरा महानगरपालिका**
**वडा नं. २ कार्यालय, मिरुवा**
**गण्डकी प्रदेश, नेपाल**

**सूचना। सूचना।। सूचना।।।**

पोखरा महानगरपालिका वडा नं. २ मोहरिया टोल स्थित सुर्दशन जोसीको घर २ कोठामा बस्दै आएका भारतीय नागरिक विगत ६ महिनादेखि सम्पर्कविहिन भएको हुँदा कोठा खोल्नको लागि १५ दिने सूचना जारी गरिएको छ। यदि १५ दिनसम्म सम्पर्कमा नआएमा नियम अनुसार कोठा खोलिने छ।
नामः सन्दिप मन्त्री भारतीय नागरिक
ठेगानाः भारत खान्जापुर
मोः ००९१८९६७३९८१२

# अज्ञात रोगले सुन्तलाका बोट मर्न थाले

**पोखरापत्र संवाददाता**

**पर्वत, ८ पुस (रासस)**

अज्ञात रोगका कारण विगत तीन वर्षदेखि धमाधम सुन्तलाका बोट मर्न थालेपछि यहाँको एक गाउँका कृषक समस्यामा परेका छन् ।

फूल फुल्ने र फल पाक्ने बेला रोगको सङ्क्रमण फैलिँदा मोदी गाउँपालिका-२ देउपुरका कृषक पछिल्लो तीन वर्षयता समस्यामा परेका छन् । पाकेको फल धमाधम झरेकाले अहिले बोटमा फलेकामध्ये २० प्रतिशत मात्रै सुन्तला बिक्री गर्न सकिएको किसान बताउँछन् । सुरुमा केही बोटमा देखिएको यो समस्या यस वर्ष भने गाउँभरि फैलिएको छ । स्थानीय माछापुच्छे सुन्तला उत्पादक सहकारीका अध्यक्ष दाताराम चापागाईंका अनुसार दुई वर्षअघि तल्लो दोबाटो गाउँमा देखिएको बोट मर्ने र फल झर्ने समस्या विस्तारै फैलँदै गएको हो ।

उहाँका अनुसार सुन्तलामा दुई प्रकारको रोग देखिएको छ । 'टाइफुलेट' जातको भाले किराले सुन्तलाको फूल र बचिला झार्ने तथा पाक्ने बेलामा पनि 'ग्रिन सिटासिल्ला' नामको भाइरसका कारण फल झर्ने समस्या देखिएको छ । फूल लाग्ने समयमा देखिएको समस्या समाधानमा किसानले हदैसम्मको प्रयास गरे पनि सम्भव हुन सकेको छैन । कृषि प्राविधिकका अनुसार 'फेरामेन ट्र्याप' मा 'मिथाइल युजिल' मिलाएर राख्दा टाइफुलेट मर्थ्यो । "वर्षौंदेखि आर्थिक उपार्जनको मुख्य स्रोतको रुपमा रहेको सुन्तलाखेतीबाट आम्दानी घटेपछि किसान चिन्तित बनेका छन्, पहेँलपुर हुने यो सिजनमा रित्ता बोट छन्", स्थानीय बाबुराम बाबुराम तिमिल्सिनाले भन्नुभयो, "झरेर अलिअलि बचेकुचेका दाना पनि बाँदर आएर सखाप पारिदियो ।"

स्थानीय अगुवा किसान भूमिराज शर्माका अनुसार कुनै बेला देउपुरमा मात्रै रु तीन करोड बराबरको सुन्तला उत्पादन हुन्थ्यो । "अहिले गाउँभरि रु ५० लाखको पनि सुन्तला छैन", उहाँले भन्नुभयो, "यो गाउँमा मात्रै ७०० मध्ये झण्डै ४०० परिवारले व्यावसायिक सुन्तलाको खेती गर्दै आएका छन् ।" सुरुसुरुमा सुन्तला बजारसम्म पुऱ्याउन समस्या थियो ।

व्यावसायिक सुन्तला खेतीमा लाग्नेको सङ्ख्या पनि बढ्दै गए पनि किसानले आफूखुसी बिरुवा ल्याएर रोप्न थालेपछि समस्या आएको बताइएको छ । खेती विस्तार गर्ने र छिटो आम्दानी लिने लोभमा कृषि प्राविधिकले सिफारिस नगरेका र प्रमाणित नभएका जात र स्थानबाट बिरुवा ल्याउँदा यी रोगसमेत भित्रिएको कतिपय किसानको बुझाइ छ ।

अब गाउँभरिका पुराना सबै बोट हटाएर नयाँ र रोग सहन सक्ने जातका बोट नलगाए देउपुरलाई सुन्तलाको नामले चिनाउन नसकिने अगुवा किसानको भनाइ छ । कृषि ज्ञान केन्द्र प्रमुख मनिता थापाले सुन्तलामा देखिएको यस्तो समस्या एकैपटक समाधान हुन नसक्ने बताउनुभयो ।

सुन्तलाको बीउ, बिरुवा उत्पादनदेखि फल लाग्ने बेलासम्मको मौसम, जलवायु परिवर्तनलगायत कारण यस्तो समस्या देखिएको हुनसक्ने उहाँको भनाइ छ । उहाँले यो समस्याबारे निरन्तर अध्यनन भइरहेको बताउनुभयो ।

# हल्का हिमपातको सम्भावना

**रासस**

**काठमाडौं, ८ पुस**

पश्चिमी वायुको प्रभावले आज देशका पहाडी भूभागमा आंशिक बदली रही प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका हिमाली क्षेत्रका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त प्रणालीको प्रभावले देशका पहाडी भू-भागमा आंशिक बदली रही प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका हिमाली क्षेत्रका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको हो । सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका तराईका भू-भागका थोरै स्थानमा र प्रदेश नं १ र २ का तराईका केही स्थानमा हुस्सु/कुहिरो लागेको बताइएको छ ।

विभागले चेतावनी तथा परामर्श जारी गर्दै तराईका भू-भागमा बिहानको समयमा हुस्सु/कुहिरो लाग्नाका साथै देशभर चिसो बढ्ने क्रममा रहेकाले चिसोबाट बच्न आवश्यक सुरक्षा एवं सतर्कता अपनाउनसमेत सबैमा अनुरोध गरिएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम तीन दशमलव शून्य डिग्री र अधिकतम तापक्रम १७ दशमलव सात डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस पाँच दशमलव एक डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम २७ दशमलव सात डिग्री सेल्सियस रहेको छ ।

# क्रिकेट रङ्गशालाको लाइन काटियो

**रासस**

**चितवन, ८ पुस**

आर्थिक अभावका कारण विगत पाँच महिनायता काम रोकिएको गौतमबुद्ध अन्तर र्‍ाष्ट्रिय क्रिकेट रङ्गशालाको विद्युत् महशुल नतिरेपछि लाइन काटिएको छ । नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले बक्यौता बढी भएपछि बुधबार लाइन काटेको हो ।

प्राधिकरणका भरतपुर केन्द्रका इन्जिनियर राजेन्द्र पौडेलका अनुसार रङ्गशालाको विद्युत् महशुल रु आठ लाख ८७ हजार पुगेको छ । यो महशुल चार महिनादेखि भुक्तानी नभएपछि लाइन काटिएको उहाँले बताउनुभयो । धुर्मुस सुन्तली फाउण्डेसनले निर्माणको नेतृत्व गरेको रङ्गशालामा आर्थिक अभाव भएपछि फाउण्डेसन निर्माणबाट पछि हटेको छ । फाउण्डेसनले रु १७ करोडभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको भन्दै स्वामित्व लिइदिन भरतपुर महानगरपालिकालाई अनुरोधसमेत गरेको छ ।

प्राधिकरणले मदिरा उत्पादक कम्पनी माउन्ट एभरेष्ट ब्रुअरीले रु ३७ लाख ४१ हजार बक्यौता तिर्न बाँकी रहेपछि सो उद्योगको पनि लाइन काटेको छ । यससँगै साना १२ फर्म तथा संस्थाको लाइन काटिएको पौडेलले जानकारी दिनुभयो । पचास हजारभन्दा बढी ग्राहक रहेको भरतपुर वितरण केन्द्रमा ६० दिन नाघेका बक्यौतासहित रु एक करोड ४० लाख हाराहारी महशुल उठ्न बाँकी रहेको कार्यालयले जनाएको छ । विगत केही वर्ष अघियस कार्यालयमा बक्यौता मात्र रु सात करोडसम्म पुगेको पौडेलले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा महशुल असुलीमा कडाइ गरेपछि बक्यौता घटेको हो ।

# स्याङ्जालाई बीउमा आत्मनिर्भर बनाइँदै

**–तोलाकान्त बगाले**

**वालिङ, ८ पुस (रासस)**

जिल्लालाई बीउमा आत्मनिर्भर बनाउनका लागि जिल्लाभरिका बीउ उत्पादक समूह र सहकारीबीच समन्वय भएको छ । वालिङमा रहेको कृषि विकास स्रोतकेन्द्र र कृषि ज्ञानकेन्द्रका समन्वयमा जिल्लामा बीउ उत्पादनका क्षेत्रमा काम गर्दै आएका किसानको भेलाले जिल्लालाई खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादनमा आत्मनिर्भर बनाउनका लागि समन्वय गर्ने निर्णय गरेको हो ।

जिल्लालाई खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादनमा संलग्न किसान समूह, सहकारी तथा संस्थासँग समन्वय गर्नका लागि जिल्ला बीउबिजन उत्पादन तथा व्यावसायिक समितिसमेत गठन गरिएको कृषि विकास स्रोतकेन्द्र वालिङका प्रमुख सुदीप रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्लामा बीउ उत्पादनमा सहयोग गर्ने सरकारी, गैरसरकारी, स्थानीय तह तथा निजी क्षेत्रसँग बीउबिजन क्षेत्र विस्तार कार्यका लागि समन्वय गर्ने, प्रत्येक वर्ष जिल्लामा आवश्यकपर्ने स्रोत बीउको परिमाण तथा उक्त स्रोत बीउको तथ्याङ्क सङ्कलन गरी बीउको परिमाण कृषि ज्ञानकेन्द्र र कृषि विकास स्रोतकेन्द्र वालिङलाई जानकारी गराउनुपर्ने छ । जिल्लालाई बीउमा आत्मनिर्भर बनाउनका लागि विभिन्न बीउ उत्पादनसँग सम्बन्धित कार्य सञ्चालन गर्ने, बीउ उत्पादनका क्षेत्रमा काम गर्दै आएका व्यवसायिक बीउ उत्पादक समूह, सहकारीलाई आवश्यक सल्लाह, सुझाव तथा परामर्श दिने मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो ।

"जिल्लामा खाद्यान्न तथा तरकारी बालीका बीउ उत्पादनका क्षेत्रमा काम गर्दै आएका बीउ उत्पादक र उपभोक्ताबीच समन्वय गराउनका लागि पहल गर्नेछौं" उहाँले भन्नुभयो,"जिल्लाभित्रै उत्पादन भएको बीउलाई जिल्लाभित्र नै खपत गर्नेगरी उत्पादक र उपभोक्ताबीच समन्वयकारी भूमिका निभाउछौं ।"

जिल्लामा धान, मकै, गहुँ, आलुलगायतका तरकारीबालीका क्षेत्रमा गुणस्तरयुक्त बीउ उत्पादन गर्नका लागि २१ समूह, सहकारी सूचीकृत छन् । जिल्लास्तरमा खाद्यान्न तथा तरकारी बालीका क्षेत्रमा बीउ उत्पादन गर्दै आएका किसानबीच अन्तर्क्रिया तथा समन्वयकारी भूमिकाले आगामी दिनमा उत्पादन भएका बीउको बजारीकरणमा सहयोग पुग्ने विश्वास फेदीखोला-४ आरुखर्कमा रहेको जैसीडाँडा किसान समूहकी अध्यक्ष सङ्गीता हमालको छ । प्रयोगशालाबाट बीउका लागि प्रमाणीकरण भएको 'मनकामना ३' जातको मकैको बीउ विगत एघार वर्षदेखि उत्पादन गर्दै आएको उक्त समूहका अध्यक्ष हमालले जानकारी दिनुभयो ।

महिलाले नेतृत्व गरेको र महिला मात्रै आवद्ध रहेको 'जैसीडाँडा किसान समूह' ले विगत एघार वर्षदेखि मकैको बीउ उत्पादन गर्दै आएको छ । जिल्लाको फेदीखोला गाउँपालिका-४ आरुखर्कमा रहेको उक्त समूहले २०६७ सालदेखि वैधानिकरुपमा 'मनकामना ३' जातको मकैको बीउ उत्पादन गर्दै आएको छ । सुरुमा ४५ जना महिला आवद्ध रहेर सञ्चालनमा आएको समूहमा हाल २०० जना महिला आवद्ध भई मकैको बीउ उत्पादन गर्दै आएका समूहकी अध्यक्ष सङ्गीता हमालले जानकारी दिनुभयो । "यस समूहमा आवद्ध हुनुभएका सबै महिला दिदीबहिनीले आ-आफ्नो बारीमा बीउका लागि मकैको खेतीगर्नुहुन्छ" अध्यक्ष हमालले भन्नुभयो,"उत्पादित मकैको बीउको प्रयोगशालामा परीक्षण गरेपछिमात्रै बिक्रीका लागि अनुमति प्राप्त गर्ने छौं ।"

गत वर्षदेखि मकैको परीक्षणका लागि पोखरास्थित प्रयोगशालामा लगिए पनि त्यसभन्दा अघिल्ला वर्षमा भैरहवा लैजाने गरिएको अध्यक्ष हमालले बताउनुभयो । "उत्पादन भएको मकैको प्रयोगशालामा पठाएर उमारशक्ति, चिस्यान र शुद्धता परीक्षण गरिन्छ" अध्यक्ष हमालले भन्नुभयो,"परीक्षणमा योग्य भएपछि घरघरमा रहेको मकैलाई सङ्कलन केन्द्रमा ल्याएर समूहमार्फत एकमुष्ट बीउको प्रयोजनका लागि बिक्री गर्छौं ।" यहाँको मकै सुरुआतको चरणदेखि हालसम्म बीउको गुणस्तरीयता परीक्षणका क्रममा कमजोरी नदेखिएको दाबी समूहले गरेको छ । यहाँ उत्पादन भएको बीउ मकै स्याङ्जा जिल्लाभित्रका कृषिसँग सम्बन्धित कार्यालय, सङ्घ संस्था, कृषि एग्रोभेट र जिल्लाबाहिरबाट पनि माग हुने गरेकाले खपतको कुनै समस्या नभएको समूहका कोषाध्यक्ष कल्पना पौडेलले जानकारी दिनुभयो । यसवर्ष १२ मेट्रिक टन 'मनकामना ३' जातको मकैको बीउ उत्पादन भएको छ । गतवर्ष १० मेट्रिक टन बीउ बिक्री भएको उहाँले बताउनुभयो ।

त्यस्तै गल्याङ -११ जिमुहामा रहेको जिमुहा कृषिउपज सहकारी तथा जिमुहा शितभण्डार सहकारीका अध्यक्ष रुमलाल कँडेलले बीउ उत्पादकबीच समन्वय र सहकार्यले थप ऊर्जा मिलेको बताउनुभयो । खाद्यान्न तथा तरकारी बालीका विभिन्न जातका बीउ जिल्लामा नै उत्पादन हुने गरेकाले सिधैँ उपभोक्ता माझ पुऱ्याउनका लागि समन्वयात्मक भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

"जिल्लामा विभिन्न तरकारी तथा खाद्यान्नबालीका प्रमाणित बीउ समूह सहकारीले उत्पादन गरिरहेका छन्" उहाँले भन्नुभयो,"जिल्लाका उपभोक्ताले बाहिरी जिल्लाबाट बीउ ल्याउने गरेकामा अब भने जिल्लामा उत्पादन भएको बीउ जिल्लाभित्रनै खपत हुनेमा विश्वस्त छु ।"जिल्लामा बीउ उत्पादनका क्षेत्रमा काम गर्ने समूह तथा सहकारीले उत्पादन गर्ने बीउको परिमाण र उपभोक्ताले आफूलाई आवश्यकपर्ने बीउको माग गर्न मिल्ने गरी सफ्टवयरको विकास गरिएकाले उत्पादक र उपभोक्ताबीच सिधैँ सम्पर्क गर्न सहज हुने व्यवस्था मिलाइएको कृषि विकास स्रोतकेन्द्रका प्रमुख रेग्मीले जानकारी दिनुभयो ।

# त्रिवेणी संगीतालयले अरुण सुनार जिताऔं अभियान थाल्ने

**पोखरापत्र संवाददाता**

**पोखरा, ८ पुस**



ग्यालेक्सी फोके टेलिभिजनद्धारा आयोजित वाल प्रतिभाको खोजी अभियानको रियालिटी शो सारेगमप लिल च्याम्प्समा उत्कृष्ठ सातमा पर्न सफल अरुण सुनारलाई विजयी गराउन अभियान थाल्ने वताएको छ ।

विहिवार संगीतालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा संगीतालयका प्रवन्धक तथा प्रशिक्षक नवराज वरालले त्रिवेणी संगीतालयका प्रशिक्षार्थी अरुण सुनार गण्डकी प्रदेश कै एकमात्र प्रतिष्प्रधि वाल कलाकार भएकाले आफ्नो संस्थाले उनलाई जिताउन अभियान थाल्ने वताएका हुन । सुनारकी आफन्त पुजा वि.क.ले पर्वत जिल्लामा जन्मेर पोखराबाट संगीतको भविष्य खोजिरहेका अरुण सुनार निर्णायक जुरी निर्णायक तथा दर्शक श्रोताहरुको मन जित्दै उत्कृष्ट टप सातमा परिसकेका अरुणलाई प्रथम वनाउन पारिवारिक सपोर्ट पनि रहेको वताइन् ।

कार्यक्रममा स्वतन्त्र पत्रकार संघ नेपालका संस्थापक अध्यक्ष कृष्ण प्रसाद वास्तोलाले त्रिवेणी संगीतालयमा प्रशिक्षण लिएका विद्यार्थीहरु देश भित्र तथा विदेशका विभिन्न मञ्चहरुमा आफ्नो प्रतिभा देखाई रहेका वताउँदै अरुण सुनारलाई जिताउँन अभियान थालेकोमा संगीतालयलाई शुभकामना व्यक्त गरेका थिए ।


## अस्पताल जन्य उपकरण आपूर्ति गर्नका लागि सिलबन्दी बोलपत्र आव्हान

INTERNATIONAL NEPAL FELLOWSHIP

**आई एन एफ नेपाल, हरियो खर्क अस्पताल**का लागी अस्पताल जन्य उपकरण आपूर्ति गर्नका लागि सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपूर्तिकर्ताहरुबाट **मिति २०७८ पुष २३ गते** कार्यालय समय बेलुका ४:०० बजे भित्र यस अस्पतालबाट उपलब्ध गराईएको बोलपत्र फाराम भरी आ.व. २०७७/०७८ को आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, सेवाको प्रकृति अनुसार आवश्यक पर्ने PAN/VAT दर्ताका साथै फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुहुन जानकारी गराईन्छ ।

आपूर्तिकर्ताले बोलपत्र फारममा उल्लेखित उपकरण आंशिक रुपमा समेत बोलपत्र पेश गर्न सक्नेछन् ।

बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ । अन्य थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत जानकारी गराईन्छ ।

**सम्पर्क**

**प्रशासन तथा सहयोग विभाग**

**आई एन एफ नेपाल**

**हरियो खर्क अस्पताल**

**पोष्ट बक्स नम्बर:** २८, **पोखरा, नेपाल, फोन नं :** ०६१–४३०६४०, ४३०३४२

**Email Address: procurement.gph@nepal.inf.org**



## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

## मोटरसाइकल खरिद गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०९/०९**

यस गाउँपालिकाले चालु आ.व.२०७८/०७९ मा मोटरसाइकल खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन, २०६३ ) को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधन, २०६३) को नियम ३१ (ख) बमोजिम त्यस्तो मोटरसाइकल उत्पादन कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बिचमा मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्ने निर्णय भएकोले इच्छुक इजाजत प्राप्त उत्पादन कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, आ.व.०७७/७८ को आयकर चुक्ताको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) अनुसार देहाय बमोजिमको मोटरसाइकल उत्पादनको आधिकारिक स्पेसिफिकेसन, मूल्य र सुबिधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालय मादी, थुमाकोडाँडा, कास्कीमा सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित उत्पादन वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । नोटः नियम अनुसार पेश हुन आएका प्रस्तावहरु मिति २०७८/०९/१६ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ । थप जानकारी तथा Technical Specification यस गाउँपालिकाको website www.madimunkaski.gov.np मा पाउन सक्नुहुनेछ ।

**तपसिल :**

| Notice No | Types Of Vehicles | General Specification | No. of Vehicles |
|---|---|---|---|
| 22/MRM/ G/C/2078/079 | Motorcycles | Single Cylinder,Air Cool ,Power: Not Less than13 PS @8000 rpm, torque: not less than 12.8 Nm6000 rpm, engine displacement(149-160) cc, fuel injection/ Carburetor, Brakes: Disc size(242-260mm) at front and drum or disc at rear, suspension type: telescopic at front and monocross/nitrox at rear,wheelbase(1320-1356 mm) | 4 |

**प्रमुख प्रशासकीय अधिकृत**